**चन्दननाथ नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय, जुम्ला**

# आ.व.०८३/०८४ को

# वार्षिक नीति तथा कार्यक्रम

**मिति : २०८३ साल असार १० गते**

उपस्थित सम्पुर्णमा नमस्कार,
नगर उप प्रमुख श्री रामदेवि खड्का ज्यू,
नगरकार्यपालिकाका सम्पुर्ण सदस्य ज्यूहरु
नगर सभाका सम्पुर्ण सदस्य ज्यूहरु ,
प्रमुख प्रशासकिय अधिकृत ज्यू,
विषयगत शाखा प्रमुख ज्यूहरु,
नगरपालिकाका सम्पुर्ण कर्मचारी ज्यूहरु ,

नेपालको संविधान, वर्तमान पञ्चवर्षिय योजना, नेपाल सरकार क्षेत्रगत नीति तथा कार्यक्रम,स्थानीय तहको वार्षिक योजना तथा वजेट दिग्दर्शन २०७४ (परिमार्जन सहित) केन्द्र सरकार ,प्रदेश सरकार तथा संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयको वजेट सिलिङ तथा मार्गदर्शन, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, स्थानीय सरकार संचालन ऐन २०७४, मध्यकालिन खर्च संरचना , राजश्व सुरधार योजना लगायत विभिन्न नीति निर्देशन एंव मार्गदर्शन, नगरपालिका भित्रका नागरिकहरुको आवश्यकता, र जन चाहाना अनुरुप संस्थागत विकासको आवश्यकतालाई मध्यनर गर्दै वस्ती ,वडास्तर हुँदै विभिन्न विषयगत समितिहरुको आवश्यक सुझाव अनुसार चन्दननाथ नगरपालिकाले आ.व ०८३।०८४ को लागि यो नीति तथा कार्यक्रम तयार गरेको छ ।

चन्दननाथ नगरपालिकाले आगामी दिनहरुमा विकास निर्माण प्रक्रिया अगाडी वढाउनका निम्ती निम्न अनुसारका नीति तथा कार्यक्रम अघि सारेको छ ।

## १) मूलभुत नीति तथा कार्यक्रम

- सकारात्मक सोंचका साथ समृद्धिको दुरदृष्टी तय गरी योजनावद्ध विकासको नीति लिइने छ ।
- चन्दननाथ नगरपालिकाको आधुनिक सेनिटरी ल्याण्ड फिल्ड निर्माणका लागि सम्वन्धित समुदायको माग र आवश्यकताको आधारमा वजेट विनियोजन गर्ने निति अवलम्वन गरिनेछ ।
- विकास निर्माणका सवै कार्यहरुलाई परिणाममुखी र नतिजामा आधारित (Result based) विकास गर्ने परिपाटी अबलम्वन गरिनेछ ।
- लागु पदार्थ दुर्व्यसनी तथा कुलतमा फसेका व्यक्तिको जीवन रक्षाका लागि जिल्लामा रहेका अन्य पालिकाहरु तथा सरोकारवालाहरुसंग समन्वय गरी सुधार गृह स्थापना गर्न पहल गरिनेछ ।
- विभिन्न ऐन,नियम,निति तथा कार्यविधिहरु निर्माण गरी नगर क्षेत्रमा हुने प्राकृतिक स्रोत साधनको दोहन कम गर्न खनिज तथा नदि नियन्त्रण, खानी जन्य प्राकृतिक स्रोतको उत्खनन् कार्य कानुन अनुसार कार्यान्वयन गरी व्यवस्थापन गर्ने नीति लिईनेछ ।
- नगरपालिका क्षेत्र भित्रका रहेका महत्वपूर्ण पुरातात्वीक तथा साँस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्बर्धन गर्न अभिलेख राख्ने,मर्मत गर्ने, संरक्षणमा स्थानीयको संलग्नता अभिवृद्धी गर्दै लगिनेछ ।
- नगरक्षेत्र भित्र हुने अपराधीक कार्यहरुको निगरानी गर्न नगरक्षेत्रका मुख्य स्थानहरुमा सि.सि क्यामरा जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- सरल तथा प्रविधिमैत्री राजश्व संकलन गर्ने नीति अवलम्वन गदै एकद्धार प्रणालीवाट राजश्व संकलन गर्ने व्यवस्था लागु गरिनेछ ।
- आवधिक योजनाहरुको विकास गर्नका लागि नगरस्तरिय आवधिक योजना (Municipality periodic plan ) तयार गरी मध्यकालिन खर्च संरचनामा भएका सम्पुर्ण आयोजना तथा कार्यक्रमहरुलाइ प्राथमिकता दिई योजना तर्जूमा गरी कार्यान्वय गर्ने नीति लिईनेछ ।

- लगानीमैत्री वातावरण सृजना गर्न ठुला तथा मझौला उद्योग स्थापना गर्न स्थानीय तहवाट आवश्यक समन्वय र कर छुटको नीति लिईनेछ ।
- पूर्वाधार विकास र सामाजिक विकासलाई संगसंगै (Parallelly) अगाडी वढाइनेछ । सामाजिक विकासको नाममा हुने अनुत्पादक खर्चलाई निषेध गरिनेछ ।
- शिघ्र सेवा, तीव्र विकासको अवधारणा अनुसार प्रशासन सेवाको विस्तार गरिने छ ।
- नगरपालिका अर्न्तगतका विषयगत शाखाहरुले आफनो कार्यक्रम, योजना, कार्यनीति तथा रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।
- निर्माण कार्यको भौतिक परिक्षण,सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई नियमित गदै नगरपालिकामा भौतिक पुर्वाधार परिक्षण गर्न प्रयोगशालाको स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- स्थानीय सरकार र संचार माध्यम वीचको सम्वन्धलाई प्रगाढ वनाउँदै संचार व्यवसायी पत्रकारिताको वृति विकास गर्ने निति लिईनेछ ।
- नगरपालिकाका हरेक नागरिकहरुलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।
- उच्च मूल्यका पोषण युक्त व्यवसायीक खेती प्रणालीको पकेट क्षेत्रको विकास र विस्तार गर्ने अवलम्बन गरिने छ । साथै स्थानीय उत्पादलाई पहिलो प्राथमकिता दिइ वजारिकरणको निति लिईनेछ ।
- बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक निति तर्जुमा गरी सवै क्षेत्रको संलग्नता वढाई प्रभावकारी कार्यान्वयन गर्ने निति लिईनेछ ।
- पोषण मैत्री स्थानीय शासन प्रर्वद्धन गर्न सवै क्षेत्रहरुसंग आवश्यक समन्वय र सहकार्य गदै पोषण तथा खाद्य सुरक्षालाई व्यवस्थित गर्ने निति लिईनेछ ।
- प्रभावकारी कृषि गणना गरी पञ्चवर्षिय कृषि रणनितिक योजना वनाई कृषि उत्पादनलाई बढाउने निति अवलम्बन गरिनेछ ।

- नगर क्षेत्रभित्र उत्पादित कृषि उत्पादनलाई आन्तरिक तथा वाह्य बजारमा विस्तार गरी वजारिकरण गर्ने निति लिईनेछ ।
- कानुनी शासनको परिपालना गर्दै स्थानीय जनता प्रति उत्तरदायी सरकारको नीति लिईनेछ ।
- विशेष वर्ग,विशिष्ट क्षमता भएका व्यक्तिहरुको वृद्धि विकास गरी प्रर्वद्धनात्मक कार्यक्रम अघि वढाईने छ ।
- तथ्य,प्रमाण तथा तथ्याँकका आधारमा नीति,वजेट योजना परियाजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- नगरको समृद्धि र विकासको लागि समन्वय,सहकार्य र सह अस्तित्वको अवधारणलाई आत्मसाथ गर्दै विभिन्न निकाय,नीजि क्षेत्र ,गै.स.स लगायतका सरोकारवालाहरु संग सौहार्दपूर्ण वातावरणमा काम गर्ने कार्यलाई प्राथमिकता लिईने छ ।
- नेपाली भाषाको उद्‌ग स्थलका रुपमा परिचित जुम्लालाई कालीमार्सी धान ,खस भाषा,कला र संस्कृतीको विकास गर्दै यसको संरक्षण र सर्म्वद्धन गर्न आवश्यक समन्वय र सहकार्य गर्ने निति लिईनेछ ।
- नगरपालिकामा भाषा, कला धर्म, प्राकृति सम्पदा, ऐतिहासिक तथा संस्कृतिको सम्पदाको संरक्षण सर्वद्धन गर्न तथा प्रचार प्रसार गर्न पर्यटन सूचना केन्द्र स्थापनका लागि आवश्यक पहल गरीनेछ ।

**प्रमुख नीतिमा बाचन गर्न छुट भएका नीतिहरुलाई सम्बन्धीत बिषयगत नीतिहरुमा समाबेश गरिएको छ ।**

# क्षेत्रगत नीति तथा कार्यक्रम

## १. भौतिक विकास तर्फ

- नगरस्तरीय यातायात गुरुयोजनाले निर्द्धिष्ट गरेका सडकहरुमा प्राथमिकताका साथ लगानी गर्ने तथा नगरपालिकाको स्रोतले नसक्ने अवस्थाका ठुला सडकहरुलाई सरोकारवाला सम्वन्धित निकायसंग समन्वय गरी निर्माण गरिनेछ ।
- नक्सापास गरेर मात्र घर निर्माण गर्न पाईने तथा पहिला बनि सकेका घरहरुले पनि अनिवार्यरुपमा नक्सापास, अभिलेखिकरण गर्नुपर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- नगरक्षेत्रमा निर्माण गरिने कुनै पनि सरकारी तथा व्यवसायीक भवनहरु निर्माण गर्दा अनिवार्य अपाँग मैत्री , वालमैत्री वा लैंङ्गिक मैत्री हुने गरी निर्माण गर्ने निति अवलम्वन गरिनेछ ।
- सिंचाई योग्य जमिनको उचित संरक्षण गरी कृषि उत्पादनमा आत्मनिर्भरता कायम गरिनेछ ।
- परम्पपरागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्नका लागि विशेष नीति तथा कार्यक्रम तर्जुमा गरी जुम्लालाई पर्यटन स्थल (Tourism Hub) को रुपमा विकास गरिनेछ ।
- कृषि क्षेत्रमा थप आधुनिकीकरण, यान्त्रिककरण, र विशिष्टकरण गरी उत्पादकत्व तथा उत्पादक वृद्धिमा जोड दिई स्थानीय वस्तुको उपयोग गरी उत्पादनलाई प्रोत्साहन गर्ने अभियान संचलन गरीने छ ।
- नगरपालिका भित्र रहेको खेतियोग्य जमिनमा खाद्य वाली , दलहन वाली, तरकारी तथा फलफुल र अन्य विरुवा लगाउन कृषकलाई उत्प्रेरित गरिनुको साथै अर्गानिक कृषि उत्पादनलाई प्राथमिकता दिईनेछ ।
- विषादी मुक्त नगर पालिका वनाउन अर्गानिक खेतीको विकास गर्दै कृषि उपजमा विषादी शुन्य गर्ने र प्राँगारिक मल उत्पादन निर्माण र उपयोग गर्ने नीतिलाई प्रभावकारी कार्यान्वनमा ल्याईनेछ ।
- संघीय सरकार ,प्रदेश सरकार तथा हाम्रो नगरपालिका संग भगिनी सम्वन्ध कायम रहेका महानगरपालिकाहरुसंग समन्वय,सहकार्य र सह अस्तित्वको भावना कायम राख्दै दातृ निकाय संघ संस्थाहरुसंग,लागत साझेदारीमा सम्पन्न हुने योजनाहरुको निर्माणमा जोड दिईनेछ ।

## १.२ व्यवस्थित शहरीकरण :

- वस्ती विकास योजना, भु उपयोग योजना कार्यान्वयन गरी नगरक्षेत्रभित्र रहेका सार्वजनिक तथा पर्ति जग्गाहरुमा निर्माण भएका ग्रामिण सडकहरुको लगत कट्टा गरी नगरपालिकाको सम्पतिको रुपमा अभिलेखिकरण कार्य लाई निरन्तरता दिईनेछ ।
- शहरी वजार योजना (City town plan) निर्माण गर्नका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ । शहर नक्शांकन (Urban Mapping), गरी व्यवस्थित ढल निकास गर्न हाल वनि रहेको ढलहरुलाई सूचारु गर्ने कार्यक्रम ल्याइनेछ ।
- बत्तिका पोल, तारहरु एंव अन्य संरचना तथा सार्वजनिक संरचनाहरुलाई सरोकारवालाको समन्वयमा सुचारु एंव व्यवस्थित गरिनेछ ।सडकका दाँया वाँया अनिवार्य वृक्षारोपण गर्ने कार्यक्रम ल्याइनेछ ।

## २. वातारवरण संरक्षण तथा विपद व्यवस्थापन तर्फ :

- भौतिक संरचना निर्माण गर्दा वातावरण मैत्री हुनेगरी निर्माण गरिनेछ । एउटा संरचना वन्दै गर्दा अर्को प्राकृतिक सम्पदा विनास हुने प्रकृतिको अन्त्य गर्न Bioengineering सहितको पूर्वाधार निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- शहरी विकासलाई वातावरणमैत्री वनाउदै लगिनेछ । वातावरण मैत्री विकासलाई प्रोत्साहन दिई नदी कटान क्षेत्रमा नदी नियन्त्रणका लागि नदिजन्य स्रोत सँकलन, व्यवस्थापनमा आवश्यक निति निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।
- नदि तथा खोला क्षेत्रका दुवै किनारहरुमा वृक्षारोपण गरी वायोईन्जियरिंग प्रणालीलाई कार्यान्वयन गर्न पालिका तथा सवै सरोकारवाला निकायहरु संग समन्वय गरी कार्यान्वयन गरिने छ ।
- विभिन्न ऐन, नियम, नीति तथा कार्यविधिहरु निर्माण गरी नगरक्षेत्रमा हुने प्राकृतिक स्रोत साधनको दोहन तथा नियन्त्रण व्यवस्थापन गर्ने नीति लिईनेछ ।

- सडकका दाँया वाँया अनिवार्य  वृक्षारोपण गर्ने तथा हरित शहर निर्माणको कार्यक्रम  संचालनमा ल्याइनेछ ।
- जलस्रोत मुहान तथा जलाधार क्षेत्रको संरक्षण र संर्वद्धन गर्न समुदायमा आधारित क्षमता विकास र पानी  सुरक्षा योजना मार्फत वातावरण संरक्षण गर्ने नीती लिईनेछ ।
- विपद् विमा कार्यक्रमलाई नमुना वनाई कार्यान्वयन गरीनेछ ।

## ३ .फोहोरमैला व्यवस्थापन तर्फ :

- चन्दननाथ नगरपालिकाको आधुनिक सेनिटरी ल्याण्ड फिल्ड निर्माणका गर्नका लागि सरोकारवालाहरु सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- नगरक्षेत्रको शान्ति सुरक्षा तथा वजार व्यवस्थापन ,फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन लगायतका जनसरोकारका विषयलाई मध्यनगर गर्दै कर्मचारी तथा नगर प्रहरीको विकास क्षमता र परिचालन गर्न आवश्यक रणनिति तयार गरी कार्यन्वयन ल्याईनेछ  ।
- बजार क्षेत्रमा प्रत्येक घर तथा पसलबाट फोहोर मैला व्यवस्थापन शुल्क लिदाँ सूचना प्रविधिको प्रयोग गरि आधुनिक प्रविधिवाट शुल्क सँकलन गर्ने, सोही प्रयोजनको लागि खर्च गरिनेछ । **polluters most pay जसले फोहोर गर्दछ, उसैले सफा गर्ने**  नीति अवलम्वन गरिनेछ ।
- कुहिने र नकुहिने फोहरलाई स्रोत बाटै अलग अलग छुटयाई राख्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनको लागि निजी क्षेत्र स्थानीय यूवा कल्व, तथा सम्वन्धित सरोकारवाला संगको साझेदारीमा फोहोरमैला संकलन गरी सफा ,स्वच्छ र सुन्दर नगर वनाउने निती लिईनेछ ।
- समुदायको रेखदेख र संरक्षणमा रहने गरी शहरका मुख्य मुख्य स्थानमा फोहर संकलनको लागि कन्टेनरको व्यवस्था गरिने छ ।

- जथाभावी फोहोर गर्ने व्यक्तिलाई on the spot दण्ड हुने गरी कानुन बमोजिम कारबाही गर्ने नीति अवलम्बन गरिनेछ । नगरपालिकाले नियमित रुपमा गर्दै आएको दैनिक नगर सरसफाइ कार्यलाई थप व्यवस्थित गरि। आवश्यकता आधारमा सरसफाइको लागि थप साधन तथा उपकरण व्यवस्था गरिने छ ।
- ठोस तथा दिसा जन्य लेदो व्यवस्थापनको लागि विभिन्न साझेदार निकायहरुसंग समन्वय गरी आवश्यक ऐन,नियम, निर्देशिका, कार्यविधिमा भएको व्यवस्थालाई कार्यान्वयन गरिनेछ ।
- सरसफाइ र वातावरण संरक्षण सम्बन्धी कार्यहरु सघन र प्रभावकारी रुपले संचालन गर्न सम्बन्धित वडा समितिहरुले टोल विकास संस्थाहरुलाई परिचालन गरी तिव्रताका साथ कार्यन्वयन गर्ने छ ।
- नगरपालिकालाई सफा,स्वच्छ र सुन्दर राख्न जथाभावी राखिएका सडक पेटी,फुटपाथ तथा पार्किंग व्यस्थापन गरीनेछ ।

## **३.१ खानेपानी तथा सरसफाई (Drinking Water Supply, Sanitation and Hygiene)**

- सरसफाई क्षेत्रको प्रभावकारी विकास तथा पूर्ण सरसफाई तर्फको अभियान अगाडी वढाईनेछ ।
- दिगो विकास लक्ष्यले तोकेका सवै लक्ष्य प्राप्तीको लागि विभिन्न निकाय तथा सरोकारवालाहरुसंग लक्ष्य प्राप्तीका सूचक अनुसार कार्यक्रम संचालनमा जोड दिने नितीलाई प्रभावकारी कार्यान्वयन गरीनेछ ।
- सार्वजनिक धारालाई संरक्षण गर्नुका साथै पानी परिक्षण गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको संस्थागत व्यवस्थालाई सुदृढ गर्नको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति

नगरपालिकामा मुहान दर्ता गर्ने पक्रियालाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

- स्वच्छ खानेपानी तथा पूर्ण सरसफाईको क्षेत्रमा सरकारी तथा गैर सरकारी सँस्थाहरुलाई एकद्धार प्रणाली मार्फत आवश्यक लगानी गरिनेछ ।

## ४. महिला तथा बालबालिका सम्वन्धि निति तथा कार्यक्रम

- यस चन्दननाथ नगरपालिका भित्रका महिला तथा बालबालिका शाखा द्धारा प्रर्बधित सहकारी संस्थाहरुमा आवद्ध विपन्न र पिछडिएका सबै महिलाहरु तथा लैङ्गिक हिंसाको सिकार भएका व्यक्तिहरुलाई सिप तथा उद्यमशिलता विकास मार्फत आत्मनिर्भर बनाइनेछ ।
- महिलाको उत्थान र सशक्तिकरण गरी नगरपालिकाको विकासमा मूलप्रवाहिकरणका साथै उनिहरुको आर्थिक उन्नति, प्रगती, प्रतिष्ठा र सम्मान प्रर्वद्धन गर्ने कार्यक्रम विस्तार गरिने छ
- बालबालिका तथा किशोरीहरुका धारणा, भावना तथा विवेकलाई नकारात्मक हिसाबले वृद्धि हुन नदिई सकारात्मक सोचमा परिवर्तन गरी जिवनलाई सहि मार्गमा हिडाउन र आइपर्ने विभिन्न समस्या संग सामना गर्न सक्ने, क्षमता आर्जन गरेर सुखमय जिवनको सपना साकार बनाउन जिवनोपयोगी सिप सम्बन्धी तालिमहरु प्रदान गरिनेछ ।
- बालबालिका र किशोरीहरुको संस्थागत सहभागिताको विकास गरी यस नगरपालिकामा व्याप्त कुरिति कुसंस्कार (लागु पदार्थ दुर्व्यसनी, बालविवाह, भेदभाव, छुवाछुत ) लाई अन्त्य गर्दै समृद्ध नगरपालिका बनाउन मद्धत गर्ने ।
- महिला हिंसा, मानवबेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । लैङ्गिक विभेद तथा सबै प्रकारका कुरिति तथा कुसंस्कारको अन्त्यका लागी वडा सरकार संगको सहकार्य र समन्वयमा सामाजिक रुपान्तरणको अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- आमाबुवा तथा अभिभावकको मृत्यु भै वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार र संरक्षण गरिनेछ । यसका लागी चन्दननाथ नगरपालिकाले बालबालिकाको शिक्षा तथा स्वास्थ्यको सुनिश्चितता सहित आवासिय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ अनुसार कार्य निरन्तरता दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, रोजगारी र आयआर्जनका लागी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- चन्दननाथ नगरपालिकाले ज्येष्ठनागरिकहरुको संस्थागत विकास गरी वडा तथा नगरस्तरीय ज्येष्ठनागरिक समितिको हक अधिकारको वकालत गर्ने अनि अशक्त, असहाय, बेसाहारा, ज्येष्ठ नागरिकको प्राथमिकताका साथ संरक्षण गन निति लिईनेछ ।
- महिला हिंसा, दुर्व्यबहार लगायतका हिंसा वा जोखिममा परेका सम्पूर्ण महिलाहरुका लागी अल्पकालिन आश्रय स्थलको अनुगमन तथा व्यवस्थापन सहित जिल्ला सेवा केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- **"नगरौं बिहेको कुरा नहुदै बिस बर्ष पुरा"** भन्ने मुल अभियान सञ्चालन गरी पञ्चबर्षिय कार्ययोजना तयार गर्ने र यस नगरपालिकामा बालविवाह न्यूनिकरण गर्दै बालविवाह मुक्त वडा तथा नगरपालिका घोषणा गर्दै सम्मुन्नत नगरपालिका बनाउने सूचक पुराहुने कार्यक्रम सँचालनमा जोड दिईनेछ ।

## ५. स्वास्थ्य नीति

- नगरपालिकाका हरेक नागरीकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित कायम गरिने छ ।
- चन्दननाथ नगरपालिका र अन्यनिकायहरुको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

- सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट न्युनतम मापडण्ड सहितको नि:शुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछ ।
- संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी उपकारणहरुको व्यवस्थापन गरिनेछ ।
- मातृ तथा नवशिशु र गर्भवती महिलाहरुको आकस्मिक अवस्था व्यवस्थापनको लागि पालिका तथा प्रत्येक स्वास्थ्य संस्थामा कार्यविधि तयार गरी आकस्मिक प्रशुति कोषको स्थापना गरिने छ । प्रशुति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु २४ घण्टा संचालन हुने व्यवस्था मिलाईने छ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरीक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।
- आधारभुत स्वास्थ्य केन्द्रहरुमा समयानुकुल सेवाहरु थप गर्दै नागरिकको मौलिक हकको रुपमा रहेको आधारभुत स्वास्थ्य सेवा पाउने हक संरक्षण गरिने छ ।
- खोप क्लिनिक गाँउधर क्लिनिक प्रभाबकारी रुपमा संचालन र बिस्तार गर्दै भौतिक पुर्वाधारहरु निर्माण गरि सुविधा सम्पन्न बनाई सेवाको दायरालाई प्रभाबकारी रुपमा  विस्तार गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ ।
- प्रत्येक स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला स्थापना गरी सेवा प्रदान गरीने छ ।
- बिषय विशेषज्ञ सहितको सेवा,उपकरण र आबस्यक अनुसारको तालिमका साथै भौतिक पुवधार र जनसक्तिको व्यावस्थापन गदै लगिने छ ।

## ६. शिक्षा युवा तथा खेलकुद नीति

- चन्दननाथ नगरपालिकाभित्र संचालित समुदायमा आधारित र विद्यालयमा आधारित बालविकास केन्द्रहरुको नक्साङ्न गरी नगरपालिकाभित्रको उपयुक्त स्थानमा शिशु स्याहार केन्द्र स्थापना तथा व्यवस्थान गर्न प्राथमिकता दिइनेछ ।
- चन्दननाथ नगरपालिकाको कम्तिमा एक वटा वडामा खेलकुद तालिम केन्द्र स्थापना गर्ने कार्यलाई प्राथिमकता दिइनेछ
- शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पटक पटकको दरबन्दि मिलान सम्बन्धीको ताकेता पत्रलाई मध्यनजर गर्दे धेरै लामो समयदेखि विद्यार्थि संख्याको आधारमा अनुपयुक्त दरबन्दि व्यवस्थापनलाई नक्साङ्कन गरी विद्यार्थि संख्या र दरबन्दिको आधारमा पुन दरबन्दि मिलान र विद्यालय मर्ज गर्ने कार्यलाई निरन्तरता दिनुका साथै गुणस्तरीय शिक्षामा पहुँच अभिबृद्धि गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- समाज रुपान्तरणका बलिया खम्बाका रुपमा रहेका चन्दननाथ नगरपालिका युवाहरुको सर्वाङ्गीण विकासका लागि युवा प्रतिभा पहिचान,युवा उदधमशिलता तथा युवा स्वरोजगार, युवा महोत्सव र युवा खेलाडिलाई प्रोत्साहन कार्यक्रमका सँचालन गिरनेछ ।
- प्रदेश सरकारसँगको सहकार्यमा दोहोरो नपर्नेगरी पुराना नमूना माध्यमिक विद्यालय सहित एक वडा एक नमूना सामुदायिक विद्यालय कार्यक्रम संचालन गर्ने कार्यको साथसाथै कम्तिमा एक विद्यालयमा कक्षा ५ देखि सिक्दै कमाउदै गर्ने सिपमूलक शिक्षाको विकास गरिनेछ ।

## ७. कृषि विकास शाखा

- कृषियोग्य भुमिको पुण उपयोग सुनिच्श्रित गर्न चन्दननाथ नगरपालिका भित्र रहेको कुनै पनि कृषियोग्य जमिन बाजो राख्न दिइने छैन ।र कृषिमा उत्पादकत्व बढाउन कृषि यान्त्रिकरणको व्यवस्था गरिनेछ ।
- कृषि क्षेत्रको व्यबसायिकरण गुणस्तरिय परिक्षण अनुगमनका क्षेत्रमा उपयुत्त प्रविधीको उपयोग गर्न सक्ने कृषक युवा उधमी तथा बिज्ञहरुको क्षमता विकास गर्दै लगिनेछ ।
- युवामैत्री कृषि आधुनिक प्रविधीको प्रयोगद्धरा व्यबसायीक उत्पादनमा जोड दिनेछ ।
- कृषि क्षेत्रमा रहेको श्रमशत्तीलाई आवश्यक पर्ने ज्ञान सिप र लगानीको वातावरण सिर्जना गरी ग्रामिण कृषि प्रर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गरि लगानीको वातावरण मिलाइने छ।
- कृषि क्षेत्रमा थप आधुनिकरण यान्त्रिकरण र बिशिश्टकरण गरी उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिनेछ।र स्थानिय बस्तुको उपयोग गरी उत्पादनलाई पोत्साहन गर्ने अभियान सन्चालन गरिनेछ ।
- कृषिलाई आयमुलक आधुनिक र मर्यादित पेशा तथा उत्पादनशिल व्यबसायको रुपमा विकास गरिनेछ र बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि व्यवसायका आकर्षित गराईनेछ
- कृषि उत्पादन प्रशोधन बेचविखनका सम्बन्धमा नेपाल सरकारबाट उपलब्ध गराईने र प्राविधिक सेवा प्रवधन गर्न हरेक कृषकलाई स्थानिय तह माफर्त सुचिकरण गर्ने कार्यको थालनी गरिनेछ ।स्थानिय मैलिक खाध्यन्न फलफुल तथा तरकारी बालीलाई बिशेष प्राथामिकता दिनेछ ।
- चन्दननाथ नगरपालिका भित्र रहेका खेतियोग्य जमिनमा खाध्यन्न बाली ,दलन बाली, तरकारी तथा फलफुल र अन्य विरुवा लगाउन कृषकलाई उत्प्रेरित गरिनुको साथै अर्गानिक कृषि उत्पादनलाई प्राथमिकता दिनेछ ।

- कृषि बिकास क्षेत्रमा प्रतिफलमा आधारित पोत्साहन प्रदान गर्न आवश्यक पर्ने क्षेत्रहरुको पहिचान गरी कार्यक्रमहरु सन्चालन गरीनेछ ।
- बिषादी मुक्त नगरपालिका नीतीलाई ध्यानमा राख्दै कृषि उपजमा बिषादी न्युनिकरण गरिने छ।
- बिउ बैंकको स्थपना गरेर किसानलाइ समयमै गुणस्तरिय बिउ उपलब्ध गराईनेछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक एवंम प्रतिस्पधात्मक कृषि प्रणलीमा रुपान्तरण गरिनेछ

## ८ .संस्कृति तथा पर्यटन

- परम्परागत धर्म, संस्कृति, कला, लोक संगित, पुरातात्तिक सम्पदाहरुको संरक्षण गर्नका लागि विषेश नीति तथा कार्यक्रम तर्जुमा गरी जुम्लालाई पर्यटन स्थल (Tourism Hub) को रुपमा विकास गरिने नीतिलाई निरन्तरता दिईनेछ
- नेपाली भाषाको उद्गम भाषाको रुपमा रहेको जुम्ला जिल्लालाई पर्यटकीय गन्तव्यको रुपमा पहिचान गर्न खस भाषाको संरक्षण र सर्म्वद्धनका गदै नगर क्षेत्रमा रहेका सम्पदाहरु चन्दननाथ, भैरबनाथ मन्दिर, ठाकुर ज्यू, डुडुल चैत्य, गणेशगुफा, दानसाँघु लगायतका पर्यटकीय पूर्वाधार विकासगरी प्रचार प्रसार गरीनेछ।
- नेपालको ईतिहास र वर्तमानमा समेत संस्कृतिको सन्दर्भमा एउटा छुट्टै र अलौकिक पहिचान बोकेको जुम्ला जिल्लाको मौलिक तथा धार्मिक सम्पतिका रुपमा रहेका दत्रातय मन्दिर, प्रथा, परम्परा, धर्म संस्कृतिलाई निरन्तरता दिनको लागि आवश्यक व्यवस्था गरिने छ।
- पर्यटक प्रवर्द्धनका लागि  थप प्रर्यटकिय क्षेत्रहरुको पहिचानको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

## ९. सूचना ,संचार प्रविधि

- सूचना तथा संचार क्षेत्रको विकास गरी संचार निति वनाई कार्यान्वयनमा ल्याईनेछ ॥
- सूचना प्रविधि निति वनाई विस्तृत एवं एकिकृत कार्ययोजना लागु गरिनेछ ।
- सूचना तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्न सूचना प्रवाहलाई स्थानीय सेवा मैत्री नविनतम् प्रविधियुक्त वनाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाका सवै सेवाग्राहीहरुलाई सहजता र नागरिकमैत्री सेवा प्रवाहका लागि डिजिटल नागरिक वडापत्र, अडियो नागकि वडापत्रको व्यवस्थापन गरिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने सूचना प्रविधि सम्वन्धि सप्टवेयर नविकरण गर्ने,मर्मत गर्ने, अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**चन्दननाथ नगरपालिकाको मुल निति तथा विषयगत नितिमा छुट भएका तर आवश्यक रहेका नितिहरु नेपाल सरकारको प्रचलित एन कानुन तथा कार्यविधि तथा नगरपालिको अधिकार क्षेत्र भित्र पर्ने विकास नितिमा समावेश हुने छन ।**

।। धन्यवाद ।।

.....................................

राजुसिँह कठायत

नगर प्रमुख

चन्दननाथ नगरपालिका, जुम्ला